# “कला, प्रतिरोध र रुपान्तरणः
# ओरेकको ३४ वर्ष; सङ्घर्ष र कथा बोकेको बार्षिकोत्सव



“हिमाल झै अटल हामी घामको **किरण** छुँदै
उडिरहन्छौं गन्तव्यमा **निलो** आकाश हुँदै
**समानता** फुल्छ यहाँ, माया रोपिएको
रङ रङको सुगन्धले **एकता** जोडिएको”

**सुनिता मैनाली**

असमानता विरुद्धको संघर्ष एक दृढ यात्रा हो । मानव अधिकार र सामाजिक न्याय सुनिश्चितताको यस सघंर्षमा महिला पुनर्स्थापना केन्द्र (ओरेक) विगत ३४ बर्षदेखि लगातार उडान भरिरहेको छ । कहिले घामको किरण छुदै त कहिले सागरको गहिराईमा डुब्दै । ओरेक डगमगाएको छैन, बिचलित पनि भएको छैन । समयकालसँगै मुद्दाका आयामहरु फेरिदैछन् । तर ओरेकले हरेक मुद्दाहरुलाई एकिकृत अवधारणा मार्फत विविधतालाई समेट्दै समानता प्राप्तीका लागि महिलावादी मूल्यमान्यतालाई आत्मसात् गरी काम गरिरहेको छ । आज ओरेकले ३४ बर्ष पुरा गरेको छ तर यो यात्रा ओरेकको एकल यात्रा होइन । ओरेक संस्था मात्र पनि होइन, यो एक अभियान हो, एक संयुक्त आन्दोलन हो । समुदाय तहदेखि राष्ट्रिय, क्षेत्रिय तथा अन्तराष्ट्रिय स्तरबाट प्राप्त ऐक्यवद्धता, साथ, सहयोग बिना यो आन्दोलनको मूर्तरुप सम्भव थिएन ।



चैत्र १९, २०८१ मा ३४ औं बर्षको यात्रा पार गरेको ओरेकले बैशाख ०५, २०८२, शुक्रबार काठमाडौंको रसियन हाउसमा “कला मार्फत प्रतिरोध” भन्ने नाराका साथ आफ्नो बार्षिक उत्सव मनाएको छ । महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री श्री नवल किशोर साह सुडीको प्रमुख आतिथ्यमा सञ्चालन गरिएको यस कार्यक्रमको अध्यक्षता ओरेकका संस्थापक अध्यक्ष डा. रेणु अधिकारीले गर्नुभएको थियो । सामाजिक रुपान्तरणको इतिहासको कालखण्डलाई विश्लेषण गर्दा कला नै आन्दोलनको मुख्य माध्यम रहेको छ । जसरी पितृसत्ताले आफ्ना मूल्य-मान्यता निर्माण गरेको छ , त्यसैगरी महिलावादी आन्दोलनले क्रान्तिको संगित, विविधताको चित्र, समानताको भाव र शान्तिको संस्कृति निर्माण गर्न जरुरी छ । सोही मूल मर्मका साथ सञ्चालन गरिएको यस बार्षिकोत्सव कार्यक्रममा ओरेकको जन्म, संघर्ष, यसले पार गरेका उतारचडाव, प्राप्त गरेका परिवर्तनका छालहरुलाई विभिन्न कला जस्तै र्याप, गीत, चित्र, नृत्य र कविता मार्फत प्रतिविम्वित गरेको थियो ।

यस कार्यक्रममा विभिन्न सरकारी निकायका प्रमुख तथा प्रतिनिधि, सवैंधानिक आयोगहरुका प्रमुख तथा प्रतनिधिहरु, गैरसरकारी तथा अन्तराष्ट्रिय गैर-सरकारी संस्थाका प्रमुख तथा प्रतिनिधीहरु, अभियन्ताहरु पत्रकार तथा सञ्चारमाध्यम, ओरेकका संस्थापकहरु, पुर्व अध्यक्षहरु, सल्लाहकार, कार्य-समिति सदस्यहरु, पुर्व-कर्मचारीहरु, संस्थाका शुभचिन्तकहरु तथा अन्य सहयोद्धाहरु लगायत करिब १८० जनाको सहभागीता रहेको थियो ।



बार्षिकोत्सव कार्यक्रमको सुरुवात ओरेकको स्थापनाको मर्मलाई बोकेको फुलमाया दर्जीको कथालाई र्याप मार्फत प्रस्तुत गर्दै गरिएको थियो । युवा सर्जक यूनिश सिटौलाको लेखन तथा प्रस्तुती रहेको उक्त र्यापमा ओरेकका संस्थापक अध्यक्षबाट बेचबिखनमा परेकी नुवाकोट जिल्लाकी फुलमाया दर्जीको जिवन भोगाईहरु र वहाँको अनुभवले कसरी ओरेकको स्थापनामा भुमिका खेलेको छ भन्ने कुरालाई प्रस्तुत गरिएको थियो । जँहा फुलमाया दर्जी जो एक अपाङ्गता भएकी आमाबाट जन्मिएकी थिइन् र उनी मात्र १२ बर्षको कलिलो उमेरमा भारतमा बेचिएकी थिइन् । भारतमा एचआईभी संक्रमण भएपछि उनलाई नेपाल पठाइएको थियो ।  नेपालमा उनलाई भेट्ने क्रममा आफुँले भोगेको विभेद प्रति गहिरो प्रश्न गर्दै उनले भनेकी थिइन् कि “म गरिब दलित परिवारमा जन्मिए, मैले जन्म कै आधारमा विभेद भोगे, मेरो जन्ममा मेरो के दोष ? म १२ बर्षको उमेरमा बेचिनुमा मेरो के दोष ? अनि कुनै पनि दोष मेरो नहुँदा नहुँदै पनि मैले मात्र किन अपमानजनक जीवन बाच्न बाध्य हुनु परेको ? मेरो यो स्थिति बनाउनुमा जवाफदेही को ?”  उनका यिनै प्रश्नहरुले जन्माएको हो संस्था हो ओरेक ।



फुलमायाको भोगाई, प्रश्न, भावना र ओरेकको परिकल्पनालाई र्यापमा हुबहु उतार्दै उपस्थित अतिथिहरुलाई युनिश सिटौलाले ओरेकको इतिहासलाई कलात्मक रुपमा प्रश्तुत गरेका थिए । जसरी महिलावादी आन्दोलनको दोस्रो छालले “व्यक्तिगत नै राजनीतिक हो”  भन्ने नाराको उद्घोष गरेको थियो, त्यसैगरी ओरेकले सन् १९९१ को दशकमा नै फुलमाया दर्जीले आफ्नो जीवनमा भोगेका बहु-आयमिक संरचनात्मक विभेदहरुलाई यो उनको व्यक्तिगत भोगाईको सट्टा राजनीतिक मुद्दा हो भन्ने मर्मलाई आत्मसात् गरी संस्थाको स्थापना गरेको थियो ।प्रभावितको प्रश्नहरुले जन्माएको ओरेकले असमान शक्ति सम्बन्धको सन्तुलनको प्राप्तिमा आज ३४ बर्ष पुरा गरेको छ । जसबाट केहि ठोस उपलब्धि हासिल भएको छ र केही सवालहरु मुलधारमा स्थापित भएको छ । तिनै उपलब्धिहरुको उत्सव मनाउन ओरेकले औं बार्षिक उत्सवमा कलालाई रोज्यो र प्रतिरोधलाई खोज्यो । जँहा र्यापसँगै ओरेकका कार्यकारी निर्देशक सुनिता मैनालीद्धारा रचना गरिएको गीत जसको मर्म ओरेकको लक्ष्य, दूरदृष्टिसँग मेल खाने थियो त्यसको समेत लोकार्पण गरिएको थियो ।

साङ्गितिक माहोलमा सञ्चालन भएको संस्थाको वार्षिकोत्सव कार्यक्रमको उद्घोषण संस्थाका कार्यकारी निर्देशक सुनिता मैनालीले गर्नु भएको थियो भने संस्थापक अध्यक्ष डा. रेणु अधिकारीले स्वागत मन्तव्य दिनु भएको थियो । डा. अधिकारीले आफ्नो मन्तव्यमा पितृसस्ताको कारणले महिलाले व्यक्तिगत, संस्थागत, र सामाजिक जीवनमा विभिन्न हिंसा भोग्नु परेको यथार्थ प्रकाश पार्नुभएको थियो । वहाँले विभिन्न प्रकारका संरचनात्मक विभेदको अन्त्यका लागि ओरेकले अभियान सञ्चालन गरिरहेको, यस अभियानमा सबैको ऐक्यवद्दता र महिलावादी अठोटको कारण नै महिलाले नेतृत्व गरेका अभियान र संस्थाहरु स्थापित हुन सफल भएको बताउनु भएको थियो । त्यसैगरी, वहाँले आफ्नो मन्तव्यमा ज्ञान हस्तान्तरण र युवा नेतृत्व ओरेकको मुख्य कार्यशैली रहेको र सामाजिक सवालका परिमाणहरुमा मात्र नभएर मुख्य कारणहरु विश्लेषण गरी कारण सम्बोधनका लागि काम गर्नाले मात्र रुपान्तरण सम्भव हुने जिकिर गर्नुभएको थियो ।










यस कार्यक्रममा लोकप्रिय युवा कवि तथा साहित्यकार नवराज पराजुली, उदाउँदै गरेका युवा गायक सुजन चौधरी र उनको टिम, महिलाको निम्ति महिला मञ्चको टिम, शान्ति फाउन्डेसनको टिम र ओरेकका कर्मचारी तथा अभियन्ता सिर्जना दाहालको जोडदार प्रस्तुतीहरु रहेका थिए । यस कार्यक्रममा युवा सर्जक सुजन चौधरी र वहाँको टिमले यसै अवसरमा आफ्नो साङ्गितिक व्यान्ड 'क्षितिज' को लोकार्पण समेत गरेका थिए । यसरी ओरेकले अन्तर्पुस्ता महिलावादी आन्दोलनलाई आफ्नो कार्यशैली, अवधारणा र कार्यक्रमहरुमा समेटिरहँदा यस कार्यक्रम युवाहरुले आफ्नो प्रतिरोध र नेतृत्वलाई प्रस्फुटित गर्ने स्थल बन्न सफल भएको थियो । कार्यक्रमका प्रस्तुतीहरुमा हानिकारक सामाजिक मुल्यमान्यता, आमाको ममता, मानव बेचबिखनका बदलिदौँ स्वरुप, विविधतामा एकता जस्ता बिषयहरुमा जोड दिइएको थियो ।



कार्यक्रमका उपस्थित अतिथिहरुका तर्फबाट राष्ट्रिय दलित आयोगका अध्यक्ष. देवराज विश्वकर्माले ओरेक एक संस्था मात्र नभएर महिला अधिकारको आन्दोलन भएको बताउँदै ऐतिहासिक रुपले उत्पीडनमा पारिएका समुदायको आवाज बन्नका लागि ओरेकलाई शुभकामना दिनुभएको थियो । यसैगरी राष्ट्रिय मधेसी आयोगका अध्यक्ष माननीय जिवछ साहले समुदाय तहमा संरचनात्मक विभेदको विरुद्धमा अग्रपंक्तिमा रहेर आवाज उठाउँदै आएका महिला मानव अधिकार रक्षकहरुमाथि योजनावद्ध रुपमा हिंसा हुने गरेको बताउँदै उनीहरुको सुरक्षा र पहिचानको सवालमा आयोग संवेदनशील रहेको र महिला अधिकार प्राप्तिका लागि ओरेकको अभियानमा सदैव हातेमालो गर्ने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो ।



यसैगरी, राष्ट्रिय मानव अधिकार आयोगका सचिव मुरारी प्रसाद खरेल, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका उप-सचिव डम्बर सुनार, गैरसरकारी संस्था महासंघका अध्यक्ष अर्जुन भट्टराईले मन्तव्यकै क्रममा संरचनात्मक विभेदको प्रतिकार स्वरुप ३४ बर्ष अगाडि स्थापना भएको ओरेक लगायत विभिन्न चरणमा भएको महिलावादी आन्दोलनका कारण केही उपलब्धिहरु भए पनि महिलालाई हेर्ने दृष्टिकोण तथा सोचमा परिवर्तन हुन अझै नसेकेकोमा दुःख व्यक्त गर्दै महिला अधिकार प्राप्तिका लागि अझै संघर्ष जारी रहेको वताउनु भएको थियो । महिलामाथि हुने हिंसा अन्त्य नभएसम्म देशमा दिगो शान्ति स्थापना हुन नसक्ने र महिला अधिकार संस्थागत नहुने प्रति जोड दिँदै उँहाहरुले रुपान्तरणकारी लोकतन्त्रको कुनै विकल्प नभएको बताउनु भएको थियो । कार्यक्रमका प्रमुख अतिथि  माननीय मन्त्री महिला बालबालिका तथा जेष्ठ नागरिकले शुभकामना प्रदान गर्दै आर्थिक बिषमता अन्त्य गरी महिलाको आर्थिक अधिकार सुनिश्चितताका लागि आफू प्रतिबद्ध रहेको बताउनु भएको थियो ।

हाल ओरेकले ३४ औं बर्ष पार गरेको भएता पनि महिला अधिकार सस्थांगत गर्न र हरेक महिलाले आफ्नो श्रम, शरीर र पहिचान माथिको स्वतन्त्रता स्थापित गर्न अझै पनि धेरै खुड्किलाहरु पार गर्नु पर्नेछ । जबसम्म महिलाले आफ्नो गतिशिलता, यौनिकता र विचार माथिको स्व-निर्णय प्राप्त गर्न सक्दैनन् तब सम्म महिला अधिकारको अनुभूति नभएर एक दस्तावेज मात्र बन्ने छ । ओरेकले सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक रुपान्तरणद्वारा महिलावादी आकांक्षा प्राप्त भएको समाजको परिकल्पना गरेको छ । यो सपना साकार गर्नका लागि सबै प्रकारको संरचनात्मक विभेदको अन्त्य तथा मानव अधिकार र सामाजिक न्याय स्थापना हुन आवश्यक छ । महिलावादी मान्यता, साथ, माया, एकता, सहकार्य, र सह-नेतृत्व बिना यो यात्रा सम्भव छैन । हामी विश्वस्त छौं कि संगठित यात्राको कहिल्यै हार हुँदैन ।